# गौरीशंकर गाउँपालिका
## Gaurishankar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा । Suri, Dolakha.
वागमती प्रदेश, नेपाल, BagmatiProvince, Nepal

पत्र संख्या/ Ref. No. :-०७८।०७९
चलानी नं./Dispatch No.:- ८
मिति/ Date:-२०७८।०५।०२

**विषय : विशेषज्ञ/विषय विशेषज्ञमा सुचिकृत हुने सम्बन्धी सुचना ।**

**प्रथम पटक प्रकाशित**

प्रस्तुत विषयमा गौरीशंकर गाउँपालिका अर्न्तगत संचालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेको र रिक्त हुने स्वीकृत दरवन्दी,राहत अनुदान कोटा,शिक्षण सहयोग अनुदान कोटालगायत करार सेवामा शिक्षक कर्मचारी नियुक्ति गर्न, गाउँपालिकाले सम्बन्धित क्षेत्रमा विशेषज्ञता लिन आवश्यक ठानेको अवस्थामा विशेषज्ञता प्रयोग गर्न एवंम प्रधानाध्यापक नियुक्ति गर्दा छनौट समितिमा विषय विशेषज्ञको रुपमा रहि कार्य गर्ने प्रयोजनको लागि विषय विशेषज्ञको सूचीमा सूचीकृत हुन ईच्छुक देहाय अनुसार योग्यता पुगेका शिक्षकहरुले निम्नानुसार कागजातसहित मिति २०७८।०५।२५ गते भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नु हुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आधारभुत तह, कक्षा १–५ र ६–८ को लागि आवश्यक न्युनत्तम योग्यता**

१. शिक्षा शास्त्रमा कम्तीमा स्नातक वा सो सरह
२. विशेषज्ञ हुन चाहेको तहमा शिक्षण अनुभव कम्तीमा ५ वर्ष पुरा भई कम्तीमा ४ वर्ष स्थायी सेवा पुरा गरेको ।

**माध्यमिक तहको लागि आवश्यक न्युनत्तम योग्यता**

१. शिक्षा शास्त्रमा कम्तीमा स्नाकोत्तर वा सो सरह
२. विशेषज्ञ हुन चाहेको तहमा शिक्षण अनुभव कम्तीमा ५ वर्ष भई कम्तीमा ४ वर्ष स्थायी सेवा पुरा गरेको ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१.नागरिकता प्रमाणपत्र प्रतिलिपि
२.शैक्षिक योग्यताको प्रमाण–पत्रको प्रतिलिपीहरु
३.स्थायी अध्यापन अनुमती पत्रको प्रतिलिपी
४.अस्थायी/स्थायी नियुक्ति पत्र प्रतिलिपी
५.कुनै पनि विषयमा अनुसन्धान गरेको भए सो समेतको प्रमाण

**पुनश्च**

- माथिल्लो तहमा सूचिकृत हुने विशेषज्ञहरु तल्लो तहको लागि विशेषज्ञ भई काम गर्न चाहेमा निवेदनमा सो व्यहोरा समेत खुलाउनु पर्नेछ । यस वापत थप राजस्व लाग्ने छैन ।
- सूचिकृत हुन चाहने विशेषज्ञले आफ्नो निवेदनका साथ शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टिकरण तालिका बमोजिम सम्बन्धित तह र विषयको प्रश्नहरुको २ सेट अङ्ग्रेजी र नेपाली दुवै माध्यममा तयार गरी hard copy र soft copy अनिवार्य रुपमा पेश गनुपर्ने छ ।
- आधारभुत तहको कक्षा ६–८ र माध्यमिक तहको लागि विषयगत रुपमा सूचिकृत गरिनेछ ।
- निवेदन साथ सूचिकृत हुन चाहने विषय विशेषज्ञहरुले १००० -अक्षरुपी एक हजार रुपैयाँ सूचिकृत वापतको दस्तुर पालिकाको **हिमालयन बैकमा रहेको गौरीशंकर आन्तरिक राजश्व खाता न. ०५६०७६५०३९००१८** दाखिला गर्नु पर्नेछ
।

सन्तोष पौडेल
शिक्षा अधिकृत